# कांँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



कांँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा



❏ वर्ष : २६ ❏ अंक : २४ ❏ आइतवार, २५ असोज, २०८३ ❏ Sunday, 11 Oct 2026 ❏ नेपाल संवत ११४६ ❏ पृष्ठ : ४ ❏ मूल्य : रु. १०


# महिनावारी विभेद अन्त्य गर्न कर्णालीको १२ बुँदे घोषणापत्र, प्रतिबद्धता कार्यान्वयनमा जोड

❏ चाँदनी कठायत

सुर्खेत, २४ असोज

कालिकोटको रास्कोट नगरपालिकाकी किशोरी पूजा बम महिनावारी भएका बेला आफ्नै घरमा बस्न पाउँदिनन् । उनका बाजे धामी हुन् ।

घरमै 'देउता' को थान भएकाले महिनावारी हुँदा उनले दूधदही खानसमेत पाउँदिनन् । महिनावारी बार्नकै लागि उनी मामा घर जाने गरेकी छन् । 'मेरो घरमा बाजे पुजारी हुनुहुन्छ, देउताको थान पनि घरमै छ,' उनले भनिन्, 'छाउ बार्नका लागि महिनावारी हुँदा मामा घरमा जाने गरेकी छु ।'

महिनावारीका बेला घरबाहिर बस्नुपर्ने बाध्यता भोगिरहेकी बमले गाउँमा छाउपडीका कारण किशोरीहरु जोखिममा पर्ने गरेको अनुभव पनि सुनाइन् । अघिल्लो वर्ष उनको छिमेककी एक दिदी महिनावारी हुँदा गोठमा सुतेकी थिइन् । त्यही बेला सर्प आएर उनको खुट्टामा बेरिएको घटना उनले सुनाइन् । 'सर्प आएर दिदीको खुट्टामा बेरियो,' उनले भनिन्, 'यस्ता घटनाहरु गाउँतिर भइरहेका हुन्छन् ।' अहिले पुजा महिनावारी विभेद अन्त्य गर्ने अभियानमा संलग्न छिन् ।

उनी अन्तरपुस्ता छलफलमा सहभागी हुनेदेखि विभेद अन्त्यका लागि आवाज पनि उठाउँछिन् । बमका अनुसार धामी, पुजारी र घरमै देउताको थान भएका परिवारमा महिनावारी विभेद अझै कायम छ ।

अन्य परिवारमा भने यस्तो विभेद केही कम हुँदै गएको उनको अनुभव छ । महिनावारीका बेला घरमा भन्दा विद्यालयमा आवश्यक सुविधा बढी पाउने गरेको उनले बताइन् । 'विद्यालयमा हट ब्यागदेखि सेनेटरी प्याड पाइन्छ, आराम कक्ष बनेका छन्,' उनले भनिन्, 'घरमा यी सुविधाहरु पाइँदैनन् ।'







पुजाले प्लान इन्टरनेशनलको सहयोग, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको समन्वय तथा मानवअधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक-नेपाल), कालिकोटको सहजीकरणमा वीरेन्द्रनगरमा आयोजना गरेको प्रदेशस्तरीय महिनावारी स्वास्थ्य तथा स्वच्छता सिकाइ सम्मेलनमा यस्तो बताएकी हुन् ।

पुजाको अनुभवले महिनावारी विभेद केवल छाउगोठमा बस्नुपर्ने बाध्यतामा सीमित नभई घरभित्रको खानपान, आवतजावत र सामाजिक व्यवहारसँग पनि जोडिएको देखाउँछ । यस्ता विभेद अन्त्यका लागि कानुन, सरकारी कार्यक्रम र जनचेतनासँगै परिवार तथा समुदायको सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको सरोकारवालाहरुले बताएका छन् ।

यही विषयलाई सम्बोधन गर्दै कर्णाली प्रदेशस्तरीय महिनावारी स्वास्थ्य तथा स्वच्छता सिकाइ सम्मेलनले १२ बुँदे घोषणापत्र जारी गरेको छ । घोषणापत्रमा महिनावारीका आधारमा हुने छुवाछुत, भेदभाव, लाञ्छना, अपमान र हिंसाजन्य व्यवहार अन्त्य गर्नेदेखि सुरक्षित महिनावारी सामग्रीको पहुँच, महिनावारीमैत्री संरचना निर्माण र सरकारी प्रतिबद्धताको कार्यान्वयन सुनिश्चित गर्नेसम्मका विषय समेटिएका छन् ।

घोषणापत्रमा महिनावारीका आधारमा हुने हरेक विभे अन्त्य गर्ने रहेको छ । कर्णालीमा विद्यमान छाउपडी कुप्रथा, महिनावारी गोठ र महिनावारीका बेला महिलालाई घरबाहिर राख्ने अमानवीय अभ्यास अन्त्य गर्न सामूहिक रुपमा प्रतिबद्ध हुने उल्लेख छ ।

महिनावारीका बेला सुरक्षित सामग्री, सुरक्षित शौचालय तथा महिनावारीजन्य फोहोरको उचित व्यवस्थापनमा पहुँच सुनिश्चित गर्ने पनि घोषणापत्रमा उल्लेख छ । महिनावारीका कारण कुनै पनि किशोरी विद्यालय जान, पढ्न, खेलकुदमा सहभागी हुन तथा अन्य शैक्षिक र सामाजिक गतिविधिमा संलग्न हुनबाट वञ्चित नहुने वातावरण निर्माण गर्ने प्रतिबद्धता गरिएको छ ।

घोषणापत्रले महिनावारी स्वास्थ्यसम्बन्धी परामर्श, आवश्यक स्वास्थ्य सेवा तथा प्रजनन स्वास्थ्य सेवामा महिला र किशोरीको पहुँच पुर्‍याउनुपर्नेमा जोड दिएको छ । महिनावारीलाई लिएर समाजमा रहेका अन्धविश्वास, भ्रम र गलत धारणाको अन्त्य गर्न परिवार, विद्यालय, समुदाय तथा सञ्चारमाध्यममार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन

बाँकी पृष्ठ २

## कानुन पर्याप्त, कार्यान्वयन कमजोर



सामाजिक विकास मन्त्रालयका कानुन अधिकृत शर्मिला विश्वकर्माले महिनावारी विभेद अन्त्यका लागि कानुन तथा नीतिगत व्यवस्था भए पनि कार्यान्वयन प्रभावकारी हुन नसकेको बताइन् । 'सर्वोच्च अदालतले महिनावारीलाई कुरीतिका रुपमा व्याख्या गरिसकेको छ, सोअनुसार तीन तहका सरकारले नीति, कार्यक्रम र निर्देशिकाहरू पनि बनाएका छन्,' उनले भनिन्, 'तर कार्यान्वयन प्रभावकारी नहुँदा महिनावारी विभेद पूर्ण रुपमा अन्त्य हुन सकेको छैन ।'

उनले महिनावारी हुँदा अझै पनि ९२ प्रतिशत महिला कुनै न कुनै कारणले विभेदमा पर्ने गरेको तथ्याङ्क रहेको बताउँदै कानुन कार्यान्वयनमा सबै पक्ष लाग्नुपर्नेमा जोड दिइन् । उनका अनुसार नीतिगत व्यवस्था हुनु मात्रै पर्याप्त नभई त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमन पनि आवश्यक छ ।

सामाजिक विकास मन्त्रालयका निमित्त सचिव वृषबहादुर शाहीले मर्यादित महिनावारीका लागि मन्त्रालयले 'महिनावारी स्वास्थ्य तथा न्याय मार्गदर्शन' जारी गरेको जानकारी दिए । उक्त मार्गदर्शनका आधारमा चालु आर्थिक वर्षदेखि विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको उनले बताए । 'विद्यालय नजिकका स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मीहरूलाई विद्यालयमा पठाएर महिनावारी स्वास्थ्य र न्यायका विषयमा जानकारी गराउने, महिनावारी हुँदा हुने विभेदका बारेमा सचेतना जगाउने र अभिभावक शिक्षा कक्षा सञ्चालन गर्दैछौं,' उनले भने, 'यो कार्यक्रमले महिनावारी हुँदा भोग्नुपर्ने विभेदको अन्त्य हुने अपेक्षा हामीले गरेका छौं ।'

विद्यालय र स्वास्थ्य संस्थाबीच सहकार्य गरेर किशोरीलाई आवश्यक जानकारी उपलब्ध गराउने तथा अभिभावकलाई समेत सचेत बनाउने कार्यक्रमले महिनावारीलाई हेर्ने सामाजिक दृष्टिकोण परिवर्तन गर्न सहयोग पुग्ने मन्त्रालयको अपेक्षा छ । रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले विगतको

बाँकी पृष्ठ ४

# सिँजा सभ्यतालाई पर्यटनसँग जोड्ने लक्ष्य

❏ कांँक्रेविहार संवाददाता

जुम्ला, २४ असोज

नेपाल सरकारले सिँजा सभ्यता पर्यटन प्रवर्धनमा जोड्ने लक्ष्य लिएको छ ।

सङ्घीय सरकारका संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले सिँजा सभ्यतालाई पर्यटन क्षेत्रका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको बताए ।

शुक्रबार जुम्लामा गरिएको अन्तर्क्रियामा मन्त्री पौडेलले सिँजाले देशलाई खस सभ्यताको उपहार दिएकाले राज्यले यस उपत्यका तथा सभ्यताको पर्यटन विकासका लागि जोड दिने प्रतिबद्धता जनाए ।

"खस सभ्यताको पुर्ख्यौली थलोमा एक पटक हरेक व्यक्तिले पाइला टेक्ने भाष्य निर्माण गर्नु राज्यको दायित्व भएकाले यसको आधार तयार गरिने छ," उनले भने ।

मन्त्री पौडेलले आधार तयार गर्न सरकार लागिपरेको बताए खस र आर्य थर भएका व्यक्तिका लागि साझा थलोका रूपमा सिँजामा एकीकृत संरचना तयार गर्ने सरकारको योजना रहेको बताए ।

उनले लुम्बिनीको दाङदेखि यता कर्णाली क्षेत्रका विमानस्थल अवलोकन गर्दै जुम्ला विमानस्थल हेर्न जुम्ला आइपुगेको र मुगुको ताल्चा विमानस्थलसमेत अवलोकन गरी आवश्यक पूर्वाधारमा जोड दिइने जानकारी दिए ।

# गगन थापाको राजनीतिक यात्रा : विद्यार्थी आन्दोलनदेखि कांग्रेस सभापतिसम्म

❏ कांँक्रेविहार संवाददाता

काठमाडौं, २४ असोज

नेपाली कांग्रेसको सभापतिमा गगनकुमार थापा निर्वाचित भएका छन् । कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गतको शुक्रबार भएको मतदानको शनिवार सम्पन्न मतगणनामा सभापतिका उम्मेदवार थापाले ६ हजार ५८४ मत ल्याएर विजयी भएको निर्वाचन संयोजक प्रेमबहादुर खड्काले जानकारी दिए निर्वाचनमा सभापति थापाका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत प्राप्त गरे । निर्वाचनमा सात हजार १३ मत खसेकोमा ५४ मत बदर भएको थियो । २०४६ सालको जनआन्दोलनका



क्रममा कक्षा ९ मा पढ्दै गर्दा आन्दोलनमा सहभागी भएका थापा झण्डै चार दशकपछि कांग्रेसको नेतृत्वमा पुगेका हुन् । नवनिर्वाचित सभापति थापाले २०४६ सालमा बालकांग्रेसको सदस्यका रूपमा राजनीतिक यात्रा सुरु गरेका थिए । २०४८ सालमा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) काठमाडौं वडा नम्बर ३३ को सचिव बनेका उनी २०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्य, २०५३ सालमा सचिव र २०५५ सालमा सभापति निर्वाचित भएका थिए ।

२०५५ सालमा त्रिभुवन विश्वविद्यालयको सिनेट सदस्य बनेका थापा २०५७ सालमा नेविसङ्घको केन्द्रीय उपाध्यक्ष र २०५९ सालमा महामन्त्री बनेर विद्यार्थी राजनीतिलाई उचाइमा पुर्‍याएका थिए २०६१ सालमा राजाको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा अग्रपङ्क्तिमा रहेर नेतृत्व गरेका थापामाथि राजद्रोहको मुद्दासमेत लागेको थियो । अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले उनलाई 'आस्थाको बन्दी' घोषणा गरेको थियो । २०६२-६३ सालको जनआन्दोलनमा गणतन्त्र र लोकतन्त्रको पक्षमा सक्रिय भूमिका निर्वाह गरेपछि उनी राष्ट्रिय राजनीतिमा थप चर्चित बनेका थिए । २०६४ सालको संविधानसभा निर्वाचनमा समानुपातिकतर्फबाट सभासद बनेका

बाँकी पृष्ठ ३

# सत्ताइस वर्षपछि सडक स्तरोन्नति



❏ कांँक्रेविहार संवाददाता

रूकुमपश्चिम, २४ असोज

रुकुमपश्चिमको पुरानो एक सडकखण्डमा सत्ताइस वर्षपछि स्तरोन्नति तथा कालोपत्रेको काम सुरु भएको छ । जिल्लाको मुसीकोट नगरपालिकास्थित शीतलपोखरीबाट झुल्खेत हुँदै चुन्वाङ जोड्ने सडकको बिहीबारबाट स्तरोन्नति सुरु भएको छ । ग्रामीण सडक सञ्जाल सुधार आयोजनामार्फत स्तरोन्नति आह्वान भएको हो । आयोजना प्रमुख हरि ओलीका अनुसार १८.४ किलोमिटर सडकखण्डको स्तरोन्नति तथा कालोपत्रेका लागि काम सुरु भएको छ । सडक निर्माणका लागि रायमाझी थुदुङ पाण्डे जेभीसँग असोज १ गते सम्झौता भएको छ ।

दुई वर्षभित्र निर्माण सम्पन्न हुने यस कार्यका लागि निर्माण व्यवसायीसँग ३४ करोड १८ लाख दुई हजार ८२९ रुपियाँ ५८ पैसामा सम्झौता भएको छ । यो सडकले मुसीकोट नगरपालिका-४, ६, ९ र हुँदै लुम्बिनी प्रदेशको रुकुमपूर्वमा पर्ने चुन्वाङ गाउँ जोड्ने छ ।

सम्पादकीय

# राष्ट्रिय गौरवको आयोजना निर्माणमा ढिलाई कहिलेसम्म ?

भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना नेपालको आर्थिक समृद्धि, कृषि विकास र ऊर्जा उत्पादनसँग जोडिएको राष्ट्रिय महत्वको परियोजना हो । भेरी नदीको पानी बबई नदीमा खसालेर बाँके र बर्दियाको हजारौँ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने तथा विद्युत् उत्पादन गर्ने यस आयोजनाले देशको कृषि अर्थतन्त्रमा ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । तर, यति धेरै सम्भावना बोकेको राष्ट्रिय गौरवको आयोजना निर्माणमा देखिएको सुस्तताले गम्भीर प्रश्न खडा गरेको छ ।

आयोजना सम्पन्न भएपछि बाँके र बर्दियाका करिब ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्न सकिनेछ । वर्षायाममा मात्र नभई अन्य समयमा पनि खेती गर्न सहज हुनेछ । आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता कम हुनेछ भने कृषि उत्पादन र उत्पादकत्व बढ्नेछ । यसबाट खाद्यान्न उत्पादनमा वृद्धि, आयात प्रतिस्थापन, किसानको आम्दानीमा सुधार र रोजगारी सिर्जनामा योगदान पुग्नेछ । त्यस्तै, ४८.८ मेगावाट विद्युत् उत्पादनले राष्ट्रिय ऊर्जा प्रणालीमा थप सहयोग पुऱ्याउनेछ । यसरी हेर्दा यो आयोजना एउटा क्षेत्रको विकासमा मात्र सीमित नभई देशको समग्र आर्थिक समृद्धिसँग जोडिएको छ ।

यति महत्वपूर्ण आयोजना समयमै सम्पन्न हुन नसक्नु दुर्भाग्यपूर्ण हो । सुरूङ निर्माणमा उल्लेखनीय सफलता हासिल भए पनि बाँध, विद्युत्गृह र अन्य संरचना निर्माणमा अपेक्षित गति नदेखिनुले आयोजना व्यवस्थापन र सरकारी कार्यशैलीमाथि प्रश्न उठाएको छ । राष्ट्रिय गौरवका आयोजना घोषणा गर्नु मात्रै पर्याप्त हुँदैन, तिनलाई निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने प्रतिबद्धता पनि व्यवहारमा देखिनुपर्छ । आयोजनामा प्राविधिक जनशक्तिको अभाव, निर्माण व्यवस्थापनका समस्या र कामको सुस्त गतिलाई सामान्य रूपमा लिन मिल्दैन । सरकारले ढिलाइका कारण पहिचान गरी जिम्मेवार निकायलाई जवाफदेही बनाउनुपर्छ । आवश्यक जनशक्ति तत्काल व्यवस्थापन गर्ने, निर्माण व्यवसायीको नियमित अनुगमन गर्ने र स्पष्ट समयसीमासहित काम अघि बढाउनेतर्फ विशेष ध्यान दिनुपर्छ । राष्ट्रिय गौरवका आयोजना वर्षौंसम्म अधुरै रहँदा राज्यको लगानी निष्क्रिय हुन्छ र जनताले अपेक्षित लाभ पाउन सक्दैनन् । त्यसैले भेरी–बबई डाइभर्सनलाई प्राथमिकतामा राखेर निर्माण कार्य तीव्र गतिमा अघि बढाउन आवश्यक छ ।

## महिनावारी...

गर्ने विषय पनि समेटिएको छ ।

महिनावारी महिलाको मात्रै विषय नभएको उल्लेख गर्दै पुरुष, किशोर, अभिभावक, शिक्षक तथा समुदायका अगुवाको सक्रिय सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता घोषणापत्रमा गरिएको छ ।

महिनावारी सम्बन्धी विभेद घरपरिवार र समुदायको व्यवहारसँग जोडिएकाले यसको अन्त्यका लागि सबै पक्ष जिम्मेवार हुनुपर्ने सम्मेलनको निष्कर्ष छ ।

नीतिगत व्यवस्था र स्रोत परिचालनलाई पनि घोषणापत्रले महत्त्व दिएको छ । तीनै तहका सरकार र विकास साझेदारसँगको सहकार्यमा महिनावारी स्वास्थ्य तथा स्वच्छतासम्बन्धी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्न पैरवी गर्ने प्रतिबद्धता गरिएको छ । विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थानमा महिला, किशोरी, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिको आवश्यकताअनुसार सुरक्षित, पहुँचयोग्य र मर्यादित महिनावारीमैत्री संरचना निर्माण तथा सुधार गर्ने विषय पनि घोषणापत्रमा छ । आर्थिक रूपमा विपन्न, दुर्गम क्षेत्रका तथा जोखिममा रहेका महिला र किशोरीलाई गुणस्तरीय, सुरक्षित र किफायती महिनावारी सामग्री उपलब्ध गराउन सरोकारवाला निकायसँग समन्वय गर्ने उल्लेख छ ।

घोषणापत्रका अन्य प्रतिबद्धतामा प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज, सञ्चारमाध्यम, विद्यालय, स्वास्थ्य संस्था तथा विकास साझेदारबीच समन्वय बढाउने विषय समेटिएका छन् । प्रतिबद्धता कार्यान्वयनको अनुगमन र सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्नुपर्ने पनि बताइएको छ ।

महिनावारीलाई प्राकृतिक जैविक प्रक्रिया तथा मानव अधिकार, नैतिक समानता र स्वास्थ्यसँग जोडिएको विषयका रुपमा स्थापित गर्दै यसका कारण कसैलाई पनि अपमान, हिंसा, विभेद वा अवसरबाट वञ्चित हुन नदिने प्रतिबद्धता गरिएको छ ।

# बदल्नु पर्ने बडीमालिका, बदलिनु पर्ने मानवीय सोच



✍ कृष्ण ओली

डीमालिका अलौकिक छ। अद्भुत छ । अनि अकल्पनीय छ ।

समुद्री सतहदेखि करिब ४ हजारदेखि ४ हजार २ सय मिटरभन्दा माथिको उचाइमा फैलिएको बडीमालिका आँखाले जति हेरे पनि नसकिने विशाल फाँट हो । शब्दले जति वर्णन गरे पनि नपुग्ने सौन्दर्य हो। यहाँ के छैन ? आस्था छ, आकर्षण छ, आनन्द छ, अध्यात्म छ र प्रकृतिको अनुपम उपहार छ ।

बडीमालिका केवल एउटा धार्मिक स्थल होइन । यो आस्थाको धरोहर हो । प्रकृतिको ताज हो । भूस्वर्ग हो । आनन्दको संसार हो । इतिहास, धर्म, संस्कृति र प्रकृतिलाई एउटै थलोमा अनुभूति गर्न सकिने अद्वितीय गन्तव्य हो ।

राजादेखि राणासम्म, प्रजातन्त्रदेखि गणतन्त्रसम्म बडीमालिका राज्यसत्ता, शासन र सेनासमेतको आस्थासँग जोडिँदै आएको इतिहास छ । परापूर्वकालदेखि यहाँ पूजा हुँदै आएको विश्वास छ । राजा बहादुर शाहको पालादेखि बडीमालिकाको पूजाका लागि काठमाडौं बाट सरकारी पूजा सामग्री पठाउने परम्परा रहेको बताइन्छ । तत्कालीन बाइसे-चौबीसे राज्यअन्तर्गत डोटी र जुम्लाबाट समेत सरकारी पूजा टोली आउने परम्परा रहेको पाइन्छ । पुजारी खलकको दाबीअनुसार पृथ्वीनारायण शाहले अधुरो छोडेको एकीकरणको कामलाई पूर्णता दिन बहादुर शाहले समेत बडीमालिकाको पूजा गरेका थिए । यी दाबी, कथन र ऐतिहासिक सन्दर्भहरूका आआफ्ना व्याख्या होलान् । तर एउटा तथ्यमा विवाद छैन-बडीमालिका आजको मात्रै आस्थाको केन्द्र होइन । यसको महिमा र विश्वास पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको छ । समय बदलियो । सञ्चारमाध्यमहरु विस्तार भए । सामाजिक सञ्जाल आयो । तस्बिर, भिडियो र यात्राका अनुभव संसारभर फैलिन थाले । बडीमालिकाको चर्चा पनि तीव्र गतिमा फैलियो । हिजो ‘बाजुरा कहाँ पर्छ ?’ भनेर सोध्नेहरू आज ‘बडीमालिका बाजुरा’ भनेर बाजुरालाई चिन्ने अवस्थामा पुगेका छन् ।

बडीमालिकाका पुजारी नेत्र पाध्यायका अनुसार बडीमालिकाको धार्मिक आस्था र विश्वास व्यापक रूपमा प्रचारमा आउँदै भक्तजनको सङ्ख्या तीव्र रूपमा बढेको समय २०७९ सालपछि हो । त्यस वर्ष मात्रै ३० हजारभन्दा बढीले बडीमालिकामा पूजा तथा दर्शन गरेका थिए । त्यसपछि सङ्ख्या क्रमशः बढ्दै गयो । यस वर्षको यात्रा त झन् थेगिनसक्नु भयो । करिब ६५ हजारभन्दा बढीले दर्शन तथा मेलामा सहभागिता जनाएको तथ्याङ्क छ । यो संख्या केवल एउटा धार्मिक स्थलको लोकप्रियताको प्रमाण होइन । यो बडीमालिकाको सम्भावनाको संकेत पनि हो । २२ वटा पाटनको अनुपम सौन्दर्य, हिमाली भूगोल, हरियाली, खुला आकाश, बादलसँग लुकामारी खेल्ने डाँडाकाँडा र धार्मिक आस्थाको सङ्गमले बडीमालिकालाई विशिष्ट बनाएको छ । यहाँ पुग्ने जोकोहीको मुखबाट अनायासै निस्कन्छ-‘आहा !’ वा ‘क्या गजब !’

नेपाली सेनाले करिब दुई करोड रुपैयाँभन्दा बढीको लगानीमा निर्माण गरेको पुरातात्त्विक महिमा झल्काउने कलात्मक मन्दिरले यसको आकर्षणलाई अझ बढाएको छ । तर प्रश्न यहाँबाट सुरु हुन्छ।जति बडीमालिकाको प्रचार भएको छ, त्यति विकास भएको छ त ? उत्तर सहज छैन ।प्रचार बढेको छ । भक्तजन बढेका छन् । सम्भावना बढेको छ । तर पूर्वाधार, व्यवस्थापन र संरक्षण त्यसको अनुपातमा बढ्न सकेको छैन ।

बाटो अझै सहज छैन । आवासको पर्याप्त व्यवस्था छैन । पैसा तिरेर व्यवस्थित रूपमा खाना खान र बस्न सकिने होटल तथा सेवा संरचना पर्याप्त छैनन् । संरचना सुधारको गति कमजोर छ । बडीमालिकाको संरक्षण, विकास र व्यवस्थापनमा कुन निकाय आधिकारिक हो भन्ने प्रश्नमै राज्यले स्पष्टता ल्याउन सकेको छैन ।

माधवकुमार नेपाल प्रधानमन्त्री भएका बेला बडीमालिकालाई संरक्षित क्षेत्रका रूपमा विकास गर्ने प्रस्ताव अघि बढेको थियो । तर त्यसपछि अपेक्षित रूपमा ठोस र दीर्घकालीन निर्णय हुन सकेन । बाजुराकै नेता बद्री पाण्डे पर्यटनमन्त्री हुँदा पनि बडीमालिका पर्याप्त प्राथमिकतामा नपरेको गुनासो स्थानीय तहमा सुनिन्छ ।

यस वर्ष सुदूरपश्चिम प्रदेश सरकारले एक दातासँगको सहकार्यमा बडीमालिका-रामारोशन क्षेत्रलाई संरक्षित क्षेत्रका रूपमा विकास गर्ने योजनासमेत अघि सारेको छ । यो सकारात्मक सुरुवात हो। तर बडीमालिकाको आवश्यकता त्यतिमा मात्र सीमित छैन । अहिलेको सरकारसँग पनि आश थियो । तर बडीमालिका डाँफे रुटका नाममा सीमित बनाएको देखिन्छ।

सबैभन्दा ठूलो प्रश्न स्वामित्व र जिम्मेवारीको हो ।

संरक्षण कसले गर्ने ? विकासको अगुवाइ कसले गर्ने ? फोहोर व्यवस्थापनको जिम्मेवारी कसको ? भक्तजनको सुरक्षा र सुविधा कसले सुनिश्चित गर्ने ? धार्मिक व्यवस्थापन र पर्यटन विकासबीच समन्वय कसले गर्ने ?

यी प्रश्न अनुत्तरित रहँदा बडीमालिका विस्तारै व्यवस्थापन विहीनताको भार बोकिरहेको छ । कर्णाली प्रदेश सरकारले त्रिवेणीमा धर्मशाला बनाएको छ। बडीमालिका नगरपालिकाले बढीमाइको थान र मन्दिर आसपास धर्मशाला निर्माण गरेको छ । तर धर्मका लागि, तीर्थयात्रीका लागि र अपरिचित यात्रुलाई सुरक्षित बास दिन बनाइएका संरचना कतिपय अवस्थामा व्यापारिक प्रयोजनमा प्रयोग भइरहेका गुनासा सुनिन्छन् । कहिले होटल, कहिले कोठा भाडामा लगाउने शैली देखिन्छ । जो सभ्यता विपरित,संस्कार हिन, पर्यटक संस्कार विपरितको असभ्यता हो। जो काम बाजुरा र कालिकोट दुबैतिरबाट भइरहेको देखियो ।

धर्मशालामा खाना खाँदा आठ सय रुपैयाँ र सुत्दा पाँच सय रुपैयाँसम्म तिर्नुपर्ने अवस्था आयो भने प्रश्न केवल पैसाको हुँदैन । प्रश्न बडीमालिकाको नाम, प्रतिष्ठा र आतिथ्य संस्कृतिको हुन्छ ।

बडीमालिका हाम्रो सम्पत्ति हो । हाम्रो पहिचान हो । पर्यटनको सम्भावना हो । स्थानीय अर्थतन्त्रको स्रोत हो । तर आस्थाको नाममा केही व्यक्तिको कमाइको माध्यम मात्रै बन्न थाल्यो भने त्यसले अन्ततः बडीमालिकालाई नै घाटा पुऱ्याउँछ ।

अझ ठूलो समस्या फोहोरको छ ।

बडीमालिका पुग्ने मानिसहरू प्रायः दुई कुरा लिएर फर्किन्छन्–आस्थाको अनुभूति र प्रकृतिको अनुपम सौन्दर्यको स्मृति । तर बडीमालिकाले वर्षौंदेखि बोकेको फोहोरको केही भारी घटाएर, सफा सोचको एउटा सन्देश छोडेर फर्किनेहरू कति छन् ?

यो प्रश्न हामी सबैले आफैँलाई सोध्नुपर्छ । हरेक वर्ष जनैपूर्णिमामा विशेष मेला लाग्छ । चतुर्दशीको बिहान देवीको पूजा हुन्छ । भक्तजनको चापलाई मध्यनजर गर्दै पछिल्ला वर्षमा दुई सातासम्म पूजा तथा मेला सञ्चालन हुने गरेको छ । वैशाख पूर्णिमा अर्थात् गंगादशहरामा पनि विशेष पूजा हुन्छ। त्यसबेला नेपाली सेनाको तर्फबाट समेत पूजा हुने परम्परा छ ।

यति ठूलो सङ्ख्यामा मानिस पुग्दा खानपान, आवास र यात्रामा प्रयोग हुने प्लास्टिक, कागज, खाद्यवस्तुका खोल लगायतका फोहोर बढ्नु स्वाभाविक हो ।

तर समस्या फोहोर उत्पादन हुनु मात्र होइन।समस्या त्यसको व्यवस्थापन नहुनु हो । मन्दिर परिसरदेखि त्रिवेणी, लौरीविनायक हुँदै पैदलमार्गका विभिन्न क्षेत्रमा देखिने प्लास्टिकजन्य फोहोरले बडीमालिकाको प्राकृतिक सौन्दर्य र धार्मिक गरिमामाथि प्रश्न उठाउन थालेको छ ।

केही व्यक्ति विशेषले गर्ने सरसफाइ अभियान, नेपाल स्काउट र नेपाली सेनाले गर्ने प्रयासबाहेक नियमित र संस्थागत रूपमा फोहोर व्यवस्थापनमा पर्याप्त ध्यान पुग्न सकेको छैन ।

यही अवस्थाले एउटा गम्भीर प्रश्न जन्माउँछ-बडीमालिका हेर्न जाने मानिस धेरै छन्, तर बडीमालिका जोगाउने सोच लिएर जाने मानिस कति छन् ?

हामी देवीसँग वर माग्न जान्छौँ । जीवन सुखी होस् भनेर प्रार्थना गर्छौं । मनका दुःख, तनाव र पीडा घटून् भनेर आस्था राख्छौं। प्रकृतिको सुन्दरता हेरेर मन हलुका बनाउन जान्छौँ । तर त्यही प्रकृतिको काखमा प्लास्टिक, बोतल, कागज र खाद्यवस्तुका खोल छोडेर फर्किन्छौँ । कस्तो विडम्बना !

हामी बडीमालिकाबाट आशीर्वाद माग्छौँ । तर बडीमालिकालाई हाम्रो जिम्मेवारीको उपहार दिन तयार छैनौँ । अब सोच बदल्नुपर्छ । बडीमालिका बदलिनुअघि मानवीय सोच बदलिनुपर्छ । यो परिवर्तन राज्यबाट मात्रै सम्भव छैन । स्थानीय तहबाट मात्रै सम्भव छैन। पुजारीबाट मात्रै सम्भव छैन। सेनाबाट मात्रै सम्भव छैन। व्यापारीबाट मात्रै सम्भव छैन ।

यो परिवर्तन हामी प्रत्येकबाट सुरु हुनुपर्छ। यसको एउटा सुन्दर सुरुवात यस वर्ष भएको छ। बडीमालिका नेचर प्रालिको अगुवाइमा बाजुराका १६ जना युवाले बडीमालिका सरसफाइ अभियान सञ्चालन गरे ।

टोलीमा बडीमालिका नेचर प्रालिका अध्यक्ष कृष्ण ओली, कार्यकारी निर्देशक गणेश थापा, नेपाल स्काउट सुदूरपश्चिम प्रदेश प्रमुख नरेन्द्र थापा, अधिवक्ता हर्क खडायत, नेपाल पत्रकार महासंघ बाजुरा शाखाका अध्यक्ष पदम सिंह, बाजुरा क्याम्पसका स्ववियु सभापति लक्ष्मण रोकाया, युवा संघका अध्यक्ष विष्णु कार्की, पत्रकार जनक बोहरा तथा युवा विद्यार्थीहरू प्रकाश खड्का, रोहित विक, अंकित थापा, पवित्र रोकाया, आषिश रावत र धिरज विकलगायत सहभागी थिए ।

तीन दिनसम्म टोलीले बडीमालिका मन्दिर परिसर, त्रिवेणी, लौरीविनायक र पैदलमार्गका विभिन्न क्षेत्रमा सरसफाइ गऱ्यो । चिसोले शरीर कठ्यांग्रिन्थ्यो। हिउँ र पानीले बाटो कठिन बनाउँथ्यो। तर अभियान रोकिएन ।

किनकि उनीहरूको उद्देश्य केवल फोहोर उठाउनु थिएन।सोच उठाउनु थियो । यो अभियानको प्रभाव त्यहाँ पुगेका अरू यात्रुमा पनि देखियो। बडीमालिका यात्राका लागि काठमाडौं स्थित कीर्तिपुरबाट पुगेका दुई युवाले आफ्ना कारण उत्पन्न भएको फोहोर आफैँ बोकेर हिँडेको अनुभव सुनाए। यही हो परिवर्तनको सुरुवात ।

हामीले अरूलाई सिकाउनुअघि आफूले गर्न सक्यौँ भने धेरै समस्या आफैँ हल हुन्छन् । सरकारले फोहोर व्यवस्थापनका लागि उपयुक्त ठाउँमा बाकस वा केन्द्र राखिदियो भने राम्रो हुन्छ । तर त्योभन्दा पहिले हामीले आफूसँग लगेको फोहोर आफैँ फर्काएर ल्याउन सक्छौँ ।

पसल राखेर कमाउने व्यापारीले आफ्नो फोहोर व्यवस्थापन गर्नसक्छ । यात्रुले आफूले खाएको खानेकुराको खोल जथाभावी नफाल्न सक्छ । धर्मशाला सञ्चालन गर्नेले सफाइलाई व्यवसायको हिस्सा होइन, जिम्मेवारीका रूपमा लिन सक्छ । जनप्रतिनिधिले बजेट र नीति बनाउन सक्छन्। सम्बन्धित निकायले जिम्मेवारी स्पष्ट गर्न सक्छ ।

अर्थात् समाधान असम्भव छैन । समस्या सबैको हो भने समाधान पनि सबैको हुनुपर्छ । ‘बडीमालिका फोहोर भयो’, ‘बडीमालिका बिग्रियो’, ‘सरकारले केही गरेन’ भनेर गुनासो गर्ने हामी आफैँ पनि कतै समस्याको हिस्सा त बनेका छैनौँ ? यो प्रश्न अब उठाउनैपर्छ ।

बडीमालिकाको अर्को चुनौती मानव निर्मित मात्रै होइन। वातावरणीय सङ्कट पनि हो । छाडा पशुचौपाया, अनियन्त्रित चरिचरन र घोडा-भेडाका कारण कतिपय क्षेत्रमा फोहोर र प्राकृतिक सौन्दर्यमा असर परेको देखिन्छ । हिमाली प्रकृतिको नाजुक सन्तुलनमा सानो लापरबाहीले पनि ठूलो असर पार्न सक्छ ।

जलवायु परिवर्तन आज संसारकै प्रमुख चुनौती बनिरहेको छ । हिमालमा हुने परिवर्तन, असामान्य वर्षा, बाढी, पहिरो र प्राकृतिक विपत्तिका घटनाले हामीलाई बारम्बार चेतावनी दिइरहेका छन् । भोटेकोशीमा आएको विनाशकारी बाढीजस्ता घटना प्रकृति र मानवबीचको असन्तुलनप्रति गम्भीर सङ्केत हुन् ।

प्रकृति बचेन भने हिमाल बच्दैन । हिमाल बचेको छैन भने वातावरणीय सन्तुलन बच्दैन । वातावरणीय सन्तुलन रहेन भने मानव जीवनको भविष्य सुरक्षित रहँदैन । त्यसैले बडीमालिका संरक्षण केवल एउटा धार्मिक स्थल सफा गर्ने अभियान होइन । यो प्रकृति बचाउने अभियान हो ।

यो हिमाल बचाउने अभियान हो । यो हाम्रो संस्कृति, आस्था र पहिचान बचाउने अभियान हो।र अन्ततः यो मानव भविष्य बचाउने अभियान हो । बडीमालिका बाजुराको हो । तर यसको महिमा बाजुराको सीमाभन्दा धेरै पर पुगेको छ । त्रिवेणी क्षेत्रको भू-स्वामित्व वा प्रशासनिक दाबीका विषयमा बहस हुन सक्छ। कालिकोटतर्फबाट समेत केही भूभागमा दाबी रहने विषय उठ्न सक्छ । यस्ता विषय राज्यका सम्बन्धित निकायले तथ्य र कानुनका आधारमा समाधान गर्न सक्छन् ।

# पश्चिम सुर्खेतमा १८ थान भरुवा बन्दुक फेला



❐ कांँक्रेविहार संवाददाता
सुर्खेत, २४ असोज

सुर्खेत पश्चिममा पर्ने चौकुने र बराहताल गाउँपालिकाका विभिन्न स्थानमा १८ थान भरुवा बन्दुक प्रहरीले फेला पारेको छ।

विशेष सूचनाका आधारमा यही असोज २३ गतेका दिन पञ्चपुरी नगरपालिकास्थित इलाका प्रहरी कार्यालय बाबियाचौर सुर्खेतका प्रहरी निरीक्षक भूपेन्द्र शाहीसहित मातहत इलाका प्रहरी कार्यालय गुटुसमेतबाट खटिएको प्रहरी टोलीले चौकुने गाउँपालिका-७ सुर्खेतस्थित सान्नेघारीको जङ्गलमा लुकाइछिपाइ राखेका अवस्थामा पाँच थान भरुवा बन्दुक फेला पारेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहोराले जानकारी दिए।

त्यसैगरी, अस्थायी प्रहरी चौकी लगामबाट खटिएको प्रहरी टोलीले चौकुने गाउँपालिका-१ सुर्खेत धामिसेनस्थित जङ्गलमा लुकाइछिपाइ राखेको अवस्थामा १२ थान र प्रहरी चौकी रानीघाटबाट खटिएको प्रहरी टोलीले बराहाताल गाउँपालिका-१ सुर्खेतस्थित ज्यामिरेको जङ्गलमा लुकाइछिपाइ राखेको एक थान भरुवा बन्दुक गरी जम्मा १८ नाल भरुवा बन्दुक फेला पारेको प्रहरी नायब उपरीक्षक बोहोराले बताए।

उनका अनुसार फेला पारिएका भरुवा बन्दुक रितपूर्वक बरामद गरी सो सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।

# चालकसँग सवारी दुर्घटना नगराउने प्रतिबद्धता लिँदै प्रहरी



❐ कांँक्रेविहार संवाददाता
सुर्खेत, २४ असोज

चाँडपर्वकै बेला नेपालमा ठूलठूला सवारी दुर्घटना हुने गरेका छन्। हरेक वर्षजसो हुने ती दुर्घटनाले ठूलै मानवीय क्षति गर्ने गरेको छ।

यसवर्ष चाँडपर्व नजिकिँदै गर्दा त्यस्ता सवारी दुर्घटना न्यूनीकरण गर्न  जिल्ला प्रहरी कार्यालय जाजरकोटले भने फरक अभियान थालेको छ।

प्रहरीले सवारी चालकहरूलाई राखेर सडक सुरक्षा सम्बन्धी सचेतना दिँदै 'म सवारी दुर्घटना नगर्ने प्रतिबद्धता जनाउँदछु' नामक अभियान नै चलाइरहेको छ।

अभियानअन्तर्गत सर्वसाधारणलाई सवारी दुर्घटना नगर्ने प्रतिबद्धतासहित हस्ताक्षर गराएर सडक सुरक्षाप्रति जिम्मेवार बन्न प्रेरित गराउने प्रहरीको प्रसास छ।

चाँडपर्वका बेला यात्रुको आवतजावत बढ्ने र सवारीसाधनको चापसमेत वृद्धि हुने भएकाले दुर्घटनाको जोखिम रहने जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) बुद्धिसागर पुरीले बताए। सोही कारण सम्भावित दुर्घटना रोक्न यो अभियान थालिएको उनले जानकारी दिए।

# प्रदेशसभा बैठक फेरि सारियो
# सुदूरपश्चिम सरकार बजेट ल्याउन असफल



❐ कांँक्रेविहार संवाददाता
धनगढी, २४ असोज

सर्वोच्च अदालतले बजेट ल्याउने बाटो खोलिदिए पनि सुदूरपश्चिम प्रदेश सरकार आज पनि बजेट सार्वजनिक गर्न असफल भएको छ। मन्त्रीहरूबीच बजेट बाँडफाँटमा सहमति नजुट्दा आज सार्वजनिक गर्ने तयारी फेरि रोकिएको हो।

बजेट प्रस्तुत गर्ने कार्यसूचीसहित बिहान ८ बजे बोलाइएको प्रदेशसभा बैठक दिउँसो ४ बजेका लागि सारिएको थियो।

तर, आवश्यक तयारी पूरा नभएपछि बैठक आज बिहान ९ बजेका लागि पुनः सारिएको प्रदेशसभा सचिवालयकी सूचना अधिकारी ताराकुमारी जोशीले जानकारी दिइन्।

अर्थ मन्त्रालयले बजेट लगभग तयार पारिसकेको जनाएको छ। तर, सरकारको नेतृत्व गरिरहेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का मन्त्रीहरू नै बजेट बाँडफाँटप्रति असन्तुष्ट छन्।

मन्त्रीहरूबीच सहमति नजुट्दा बजेट सार्वजनिक गर्ने सरकारको तयारी प्रभावित भएको बताइएको छ। बजेट ल्याउन नसक्दा प्रदेश सरकार तीन महिनादेखि बजेटविहीन छ।

यसअघि सर्वोच्च अदालतको कारण देखाऊ आदेशपछि बजेट प्रक्रिया रोकिएको थियो। तर, शुक्रबार सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेपछि बजेट ल्याउन कानुनी अवरोध हटेको थियो।

# मौसम सुधार भएपछि धौलागिरि आरोहण पुनः सुरू

❐ कांँक्रेविहार संवाददाता
काठमाडौं, २४ असोज

मौसममा सुधार आएपछि धवलागिरि हिमालको चालु शरदयामको आरोहण पुनःसुरु भएको छ। प्रतिकुल मौसमका कारण असोजको पहिलो साता आधार शिविरबाट फर्किएको आरोहण टोली मौसममा सुधार आएसँगै पुनःआधार शिविर पुगेका हुन्।

विश्वको सातौँ (८,१६७ मिटर) अग्लो धौलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका(४ मुदीको भूगोलमा पर्छ। डोरी टाँग्ने (रोप फिक्सिङ) टोली क्याम्प दुईभन्दा करिब ४०० मिटरमाथि पुगेको सेभेन समिट ट्रेकका प्रबन्ध निर्देशक थानेश्वर गुरागाईंले बताए।

"हाम्रो कम्पनीका नेपाली र विदेशी १४ जनालाई प्रतिकूल मौसमका कारण हेलिकप्टरबाट उद्धार गरेर असोज ८ गते पोखरा ल्याएका थियौँ", उनले भने, "मौसम सुधार भएपछि अक्टोबर १ मा पोखराबाट हिँडेको टोली आधार शिविरबाट चुचुरोतर्फ अघि बढेको छ।"

असोज ८ देखि ११ गतेसम्म अविरल वर्षासँगै भारी हिमपात हुँदा आधार शिविर हिउँले पुरिएपछि पर्वतारोहीको टोली आरोहण स्थगित गरी फर्किएको थियो। मौसममा सुधार आएसँगै आधार



शिविरमा खटिएको टोलीले हिउँ हटाउने, शिविर व्यवस्थित गर्ने र आरोहणका लागि आवश्यक तयारी पूरा गरेपछि पुनःआरोहण सुरु गरेको टोली प्रमुख लाक्पा शेर्पाले सामाजिक सञ्जालमार्फत जानकारी दिए।

"हाल हिउँ जमेर कडा र स्थिर अवस्थामा रहेकाले हिँडडुल गर्न अनुकूल छ", उनले भने, "भारी हिमपातपछि अस्थिर हिउँको ठूलो हिस्सा हटेकाले हिमपहिरोको जोखिम पनि अहिले तुलनात्मक रूपमा कम छ।" शरदयाममा धवलागिरि हिमाल आरोहणका लागि चार समूहका २६ पुरुष र १० महिला गरी ३६ जनाले अनुमति लिएका पर्यटन विभागका शाखा अधिकृत सुधार रेग्मीले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

धौलागिरि आरोहण अनुमतिवापत रु ८२ लाख ४२ हजार ५० दस्तुर सङ्कलन भएको पर्यटन विभागले जनाएको छ। पर्वतारोहीहरूको समन्वय गर्दै आउनुभएका म्याग्दीको दानाका ब्यवसायी इन्द्रसिंह शेरचनले अन्य कम्पनीका पर्वतारोहीको टोली पनि धौलागिरिको आधार शिविर पुगिसकेको बताए।

गत वसन्तयाममा धौलागिरि आरोहणका लागि दुई समूहका आठ महिलासहित १७ जनाले अनुमति लिएका थिए भने। छिनछिनमै परिवर्तन भइरहने मौसम धवलागिरि आरोहणको प्रमुख चुनौती हो। अन्य हिमालको तुलनामा धवलागिरि आरोहण बढी जोखिमपूर्ण, कठिन र साहसिक मानिन्छ।

# एमालेको वडा र पालिका अधिवेशनको मिति तय, मंसिर पहिलो साता राष्ट्रिय भेला

❐ कांँक्रेविहार संवाददाता
काठमाडौं, २४ असोज

नेकपा एमाले स्थायी कमिटीको प्रथम बैठकले वडा र पालिका तहका कमिटीको अधिवेशनको मिति तय गर्दै आगामी मंसिर पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको छ।

अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा असोज २२ गतेदेखि तीन दिनसम्म बसेको बैठकले केन्द्रीय कमिटीमा मनोनयन, स्थानीय तहका कमिटीका अधिवेशन तथा राष्ट्रिय भेलालगायतका विषयमा निर्णय गरेको एमालेले जनाएको छ।

बैठकले पार्टीका वडास्तरका कमिटीको अधिवेशन आगामी मंसिर २६ गते र नगर तथा गाउँपालिका तहका कमिटीको अधिवेशन पुस ४ गते गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिए।

त्यस्तै, मंसिर पहिलो साता राष्ट्रिय




भेला आयोजना गर्ने निर्णय भएको छ। भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र सबै तहका जनप्रतिनिधिको सहभागिता रहने प्रचार विभाग प्रमुख आचार्यले बताए।

पालिका र वडा अधिवेशन सम्पन्न भएपछि प्रदेशस्तरीय भेला आयोजना गर्ने निर्णयसमेत बैठकले गरेको छ। बैठकले १३ जना नेताहरूलाई केन्द्रीय कमिटी सदस्यमा मनोनीति गर्ने निर्णय समेत गरेको छ।

मनोनयन हुनेमा सिर्जना राई (भोजपुर), सावित्रा अर्याल (रुपन्देही), इन्दु कडरिया, विष्ट (कञ्जनपुर), सीता पंगेनी (नवलपुर), सीता अधिकारी (पाल्पा), डा.पुष्पा केसी भण्डारी (कास्की), धर्मनाथ प्रसाद साह (सिराहा), तेजमान कन्दङ्वा (तेह्रथुम), टंक आङ्वोहाङ (ताप्लेजुङ), नविन रोक्का (रोल्पा), मीनप्रसाद गुरुङ (स्याङ्जा), डवल पाण्डे (दोलखा) र तेजेन्द्र केसी (रुपन्देही) रहेका छन्।

## गगन...

थापा संविधान निर्माण, मौलिक हक, बालअधिकार, नागरिकता र ऊर्जा सुरक्षालगायत विषयमा सक्रिय रहे। २०७० सालमा काठमाडौँ क्षेत्र नम्बर ४ बाट निर्वाचित भएपछि संविधान मस्यौदा प्रक्रियामा योगदान पुऱ्याए।

२०७१ सालमा कृषि तथा जलस्रोत समितिको सभापति बनेर कृषि, ऊर्जा र जलस्रोतसम्बन्धी नीतिगत बहसमा भूमिका खेलेका थिए। २०७३ सालमा स्वास्थ्यमन्त्री भएका थापाले आफ्नो नौ महिने कार्यकालमा स्वास्थ्य सेवा सुधार, स्वास्थ्य बीमा र चिकित्सा शिक्षा सुधारका विषयलाई प्राथमिकता दिएका थिए। २०७४ र २०७९ सालको निर्वाचनमा काठमाडौँ क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभामा निर्वाचित हुँदै उनले शिक्षा, स्वास्थ्य, रोजगारी, वातावरण र सुशासनका विषय संसदमा उठाउँदै आए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# कर्णालीको योजना निर्माणको जिम्मा डा. खत्रीलाई

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, २४ असोज

साउन महिनादेखि रिक्त रहेको कर्णाली प्रदेश योजना आयोगको उपाध्यक्षमा डा. भीमबहादुर खत्री नियुक्त भएका छन् ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले जुम्लाको तातोपानी गाउँपालिका-४ का खत्रीलाई नियुक्त गर्ने निर्णय गरेको हो ।

सरकार फेरबदल हुनेबित्तिकै योजना आयोगका पदाधिकारी पनि बदलिने परम्परा छ, जसका कारण एउटा आयोगको टोलीले ल्याएको विकास मोडल कार्यान्वयन हुन नपाउँदै अर्को मोडल तयार हुन्छ । यसअघि योजना आयोगका उपाध्यक्ष रहेका सूर्यनाथ योगीको टोलीले दोस्रो पञ्चवर्षीय गुरुयोजना तयार पारेको छ । तर कार्यान्वयन गर्न नपाउँदै सरकार परिवर्तन भयो ।



नवनियुक्त उपाध्यक्ष डा. खत्री नेपालका एक वरिष्ठ कृषि वैज्ञानिक हुन् । साथै, उनी बागवानीविद् तथा प्राध्यापक पनि हुन् ।

विशेषगरी नेपालमा आलुबालीको अनुसन्धान, प्रविधि विकास, मूल बीउ उत्पादन प्रणालीको स्थापना तथा बागवानी क्षेत्रमा उनी चार दशकदेखि सक्रिय छन् ।

उनले नेपाल कृषि अनुसन्धान परिषद्को नेतृत्वदायी तहमा रहेर नीति निर्माण, अनुसन्धान योजना तर्जुमा र कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उनी त्रिभुवन विश्वविद्यालयमा बागवानी विषयको प्राध्यापन तथा विद्यावारिधि तहका शोधार्थीहरूको प्राज्ञिक निर्देशकका रूपमा समेत सक्रिय छन् ।

वि.सं. २०१४ फागुन ३ मा जन्मिएका उनले अस्ट्रेलियाको तस्मानिया विश्वविद्यालयअन्तर्गत कृषि विज्ञान अध्ययन संस्थानबाट कृषिमा विद्यावारिधि गरेका थिए । फिलिपिन्सको बेङ्गेट स्टेट विश्वविद्यालयबाट (सन् १९९३-१९९५) कृषि (बागवानी)मा स्नातकोत्तर गरेका उनले स्नातक भने त्रिभुवन विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर क्याम्पस, चितवनबाट (सन् १९७९-१९८२) गरेका थिए ।

उनी सन् २०२१ देखि हालसम्म बागवानी विषयका प्राध्यापक छन् । त्रिभुवन विश्वविद्यालय, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कीर्तिपुरमा स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अध्यापन गराउँदै आएका उनी त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय (चितवन)का स्नातकोत्तर तथा विद्यावारिधि तहका शोधार्थीहरूको मुख्य सल्लाहकार र शोध निर्देशकको रूपमा कार्यरत छन् ।उनीसँग नेपाल कृषि अनुसन्धान परिषद्मा रहँदा देशभर रहेका ६१ वटा अनुसन्धान केन्द्रहरूका समग्र अनुसन्धान तथा प्रशासनिक आयोजनाहरूको योजना तर्जुमा, समन्वय र अनुगमनको केन्द्रीय नेतृत्व गरेको अनुभव पनि छ ।


## अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईंसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं ।

| कार्यालय प्रमुख | चौबिसै घण्टा उपलब्ध हुने मोवाइल नं. | सूचना अधिकारी |
|---|---|---|
| ९८५८०५२६६६ | ९८५८०५३४२२ | ९८५८०७३६६६ |

इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np

*भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र काँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा ।*





# बाँकेमा डेङ्गुको सङ्क्रमण देखिन थाल्यो

❒ काँक्रेविहार संवाददाता
बाँके, २४ असोज

जिल्लामा डेङ्गुको सङ्क्रमण देखिन थालेको छ । स्वास्थ्य कार्यालय बाँकेले हालसम्म ९० जनामा डेङ्गको सङ्क्रमण पुष्टि भएको जनाएको छ ।

नेपालगञ्ज उपमहानगरपालिकाका सबैभन्दा बढी सङ्क्रमण रहेको स्वास्थ्य कार्यालयका मलेरिया सम्पर्क व्यक्ति रत्नप्रसाद शर्माले जानकारी दिए । उनका अनुसार जिल्लाका कोहलपुर नगरपालिका, डडुवा गाउँपालिका, राप्तीसोनरी गाँउपालिका, खजुरा गाउँपालिका र जानकी गाउँपालिकामा समेत डेङ्गको सङ्क्रमण देखिएको छ । नेपालगञ्जको भेरी अस्पताल, सञ्जीवनी अस्पताललगायत अन्य अस्पतालहरूमा जाँचका क्रममा गत पुसदेखि असोज १६ गतेसम्म ९० जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय बाँकेका सम्पर्क व्यक्ति शर्माले जानकारी दिए ।

उनका अनुसार डेङ्ग सङ्क्रमण देखिएका बिरामीमध्ये धेरैले उपचार गराएर घर फर्किसकेको र केही बिरामीको विभिन्न अस्पतालमा उपचार जारी रहेको छ । त्यसैगरी डेङ्ग सङ्क्रमणको जोखिम बढेपछि जोखिम न्यूनीकरणका लागि नेपालगञ्ज उपमहानगरपालिकाले ‘ लार्भा नष्ट’ अभियान सञ्चालन गर्न लागेको छ । डेङ्ग सङ्क्रमणको जोखिम न्यूनीकरण गर्न स्थानीय तहका २३ वटा वडामा लामखुट्टेको बासस्थानसहित लार्भा नष्ट अभियान सञ्चालन गर्न लागिएको उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख जागेश्वर बस्नेतले बताए । उनका अनुसार अभियानअन्तर्गत घर तथा समुदाय वरिपरि जमेको पानी, गमला, एसी, कुलरलगायत पानी जम्मा हुने स्थानमा डेङ्ग सार्ने लामखुट्टेको बासस्थान तथा लार्भा खोजी गरी नष्ट गरिनेछ । नेपालगञ्जको जनस्वास्थ्य प्रवर्द्धन शाखाका जनस्वास्थ्य अधिकृतसमेत रहनुभएका कीटजन्य रोगका सम्पर्क व्यक्ति सरोज रिमालले केही दिनभित्रै लार्भा खोजी गरी नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरी सम्बद्ध सरोकारवालासँग छलफल गरिएको बताए । उनका अनुसार विगतमा सञ्चालन गरिएको ‘लार्भा खोज र नष्ट गर’ अभियानपछि डेङ्ग सङ्क्रमण घटेको थियो । डेङ्गु सार्ने लामखुट्टे मङ्सिरसम्म सक्रिय रहने भएकाले सो अवधि अघि नै अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न लागिएको नेपालगञ्ज उपमहानगरपालिकाले जनाएको छ ।

## कानुन...

तुलनामा महिनावारीसम्बन्धी अभ्यासमा परिवर्तन आएको बताए । ‘पहिलोपटक महिनावारी हुँदा महिनादिनसम्म ओडारमा बस्नुपर्दथ्यो, पुरुषको अनुहार हेर्नुहुन्न भन्ने प्रचलन थियो,’ उनले भने, ‘ त्यो बेलाको प्रचलन अहिले छैन, अहिले आमूल परिवर्तन भएको मान्नुपर्छ ।’ उनले रास्कोटमा छाउगोठहरू पूर्ण रुपमा निर्मूल नभए पनि पहिलेको तुलनामा न्यूनीकरण भएको बताए । ‘पहिले-पहिले महिनावारी हुँदा घरदेखि टाढा बनाइएको गोठमा बस्नुपर्ने अवस्था थियो,’ उनले भने, ‘आजभोलि घरभित्रै छुट्टै कोठाहरु बनाएर बस्ने वातावरण बनेको छ ।’

महिनावारी विभेद अन्त्य गर्न नगरपालिकाले विद्यालयस्तरमा अभियान सञ्चालन गरिरहेको पनि उनले जानकारी दिए । मेलापर्व र महोत्सवमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तथा किशोरकिशोरीलाई छाउपडी कुप्रथा र कुसंस्कारबारे जानकारी दिने काम भइरहेको उनको भनाइ छ । ‘दिमागबाटै छाउपडी कुरीति र कुसंस्कार हो भन्ने हटाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं,’ उनले भने, ‘मेलापर्व, महोत्सव हुँदा विभेदविरुद्ध कार्यक्रम गरिरहेका छौं, विद्यालयस्तरबाट पनि अभियान सञ्चालन गरिरहेका छौं ।’

प्लान इन्टरनेशनलका निमित्त क्षेत्रीय प्रबन्धक विनय ज्ञवालीले महिनावारीका कारण हुने विभेद अन्त्य गर्न सबै पक्षको सामूहिक प्रयास आवश्यक रहेको बताए । संस्थाले किशोरी केन्द्रित कार्यक्रम सञ्चालन गर्दै विद्यालयमा महिनावारीका लागि छुट्टै कक्षको व्यवस्था तथा सचेतनामूलक गतिविधिमा काम गरिरहेको उनले जानकारी दिए । उनका अनुसार विद्यालयमा आवश्यक सुविधा उपलब्ध गराउनुका साथै महिनावारीलाई लिएर समाजमा रहेका गलत धारणाबारे जानकारी दिनु पनि संस्थाका कार्यक्रमको उद्देश्य हो ।

हुरेन्डेक-नेपालका अध्यक्ष गौरीकुमारी शाहीले महिनावारीसम्बन्धी भ्रम र सामाजिक कुरीति हटाउन समुदायस्तरदेखि नीतिगत तहसम्म निरन्तर प्रयास आवश्यक रहेको बताइन् । किशोरीका अनुभव र आवश्यकतालाई प्राथमिकतामा राखेर सरकारी निकाय, विकास साझेदार, विद्यालय, परिवार र समुदायबीच सहकार्य गर्नुपर्ने उनको जोड थियो ।सम्मेलनका प्रमुख अतिथि आर्थिक मामिला तथा योजनामन्त्री टेकराज पछाईले महिनावारी स्वास्थ्य तथा स्वच्छतालाई स्वास्थ्य र सामाजिक सम्मानसँग जोडेर हेर्नुपर्ने बताए । महिनावारीका कारण किशोरी तथा महिलाले विभेद भोग्नुपर्ने अवस्था अन्त्य गर्न जनचेतना, सरसफाइको उचित व्यवस्था र सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले महिनावारी स्वास्थ्य तथा स्वच्छता प्रवर्द्धनमा स्थानीय तह, विद्यालय, परिवार र समुदायको भूमिका महत्त्वपूर्ण रहेको बताइन् । किशोरीले महिनावारीका समयमा सुरक्षित र सम्मानजनक वातावरण पाउनुपर्ने उल्लेख गर्दै जनचेतना अभिवृद्धि र व्यवहार परिवर्तनका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो । यसैबीच, सम्मेलनमा सहभागीहरूले महिनावारी विभेद अन्त्य गर्ने प्रतिबद्धतासहित हस्ताक्षरसमेत गरेका छन् ।






काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)